# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, चैत १७ गते, २०८२ साल (अतिरिक्ताङ्क १५

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालयको

## सूचना

<u>सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२</u>



सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम १३० बमोजिम स्रोत सहमति उपलब्ध गराउन मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो मापदण्डको नाम "सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले प्रदेश सरकार अन्तर्गतका सम्बन्धित मन्त्रालयको स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएका आयोजनामध्ये बहुवर्षिय ठेक्का व्यवस्थापन गर्नुपर्ने भनी पहिचान भएका, प्रदेश गौरवका आयोजना वा प्रदेश सरकारको उच्च प्राथमिकतामा परेका र तयारी पूरा भएका आयोजना वा त्यस्ता आयोजनाको कुनै खण्ड वा उपखण्ड सम्झनु पर्छ र सो शब्दले प्रदेश

सरकारसँगको सहलगानीको आयोजनालाई समेत जनाउँछ।

(ग) "प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (प्रोभिन्सियल प्रोजेक्ट बैङ्क मेनेजमेन्ट इन्फरमेशन सिस्टम)" भन्नाले प्रदेश आयोजना बैङ्क व्यवस्थापनका लागि आयोगले प्रयोगमा ल्याएको सूचना प्रणाली सम्झनु पर्छ।

(घ) "प्रदेश गौरवका आयोजना" भन्नाले प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाको रूपमा तोकेका आयोजना सम्झनु पर्छ।

(ङ) "बहुवर्षिय ठेक्का" भन्नाले प्रदेश गौरवका आयोजनाको हकमा आयोजनामा तोकिएको अवधिभर र अन्यको हकमा दुई आर्थिक वर्षभन्दा बढी पाँच आर्थिक वर्षसम्मको अवधि रहने ठेक्का सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्रोत सहमति" भन्नाले बहुवर्षिय ठेक्काका लागि यस मापदण्डको दफा ५ को उपदफा (१) बमोजिम आर्थिक



खण्ड ९) अतिरिक्ताङ्क १५, प्रदेश राजपत्र भाग २ मिति २०८२।१२।१७

मामिला मन्त्रालयले उपलब्ध गराएको सहमतिलाई जनाउँछ।

(ज) "सम्बन्धित मन्त्रालय" भन्नाले बहुवर्षिय आयोजनाको व्यवस्थापन गर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

३. **आयोजना प्रस्ताव पेस गर्नेः** (१) बहुवर्षिय आयोजनाको स्रोत सहमतिको लागि मन्त्रालय वा निकायले आवश्यकता, औचित्य र विनियोजित बजेट तथा स्रोत अनुमान समेतका आधारमा देहायका कागजात तथा बिबरण संलग्न गरी कार्तिक मसान्तभित्र आयोगमा प्रस्ताव पेस गर्नु पर्नेछ।

तर, आर्थिक वर्ष २०८२/८३ को हकमा चैत्र मसान्तसम्म प्रस्ताव पेस गर्न बाधा पर्ने छैन्।

(क) आयोजनाको बहुवर्षिय खरिदको स्रोत सहमति सम्बन्धमा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची -१ बमोजिमको फाराम,

(ख) बहुवर्षिय आयोजनाको स्रोत सहमति माग गर्दा आवश्यक आधार पूरा गरेको लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची -२ बमोजिमको चेकलिष्ट,

(ग) विद्यमान मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको सम्बन्धित बजेट उपशीर्षक अन्तर्गत प्रस्तावित आयोजनाको

बजेट सहितको विवरण समावेश भएको भनी सम्बन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची -३ बमोजिमको विवरण,

(घ) सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लिखित मध्यमकालीन खर्च संरचना अनुसार पहिलो तीन आर्थिक वर्षको चालु, पुँजीगत र वित्तीय व्यवस्थाको बजेट, स्रोत र प्रमुख क्रियाकलाप सहितको विवरण,

(ङ) प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भई आयोगबाट स्वीकृत भएको विवरण,

(च) मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबीआईएस) मा प्रविष्ट भएको विवरण,

(छ) डिजाइन र निर्माण खरिद सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्रयाक्ट) बाहेक अन्य खरिदको हकमा स्वीकृत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन,





(ज) मन्त्रालय वा निकायबाट स्वीकृत बिस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग प्रतिवेदन,

(झ) मन्त्रालय वा निकायबाट स्वीकृत वार्षिक खरिद योजना, कार्यान्वयन कार्ययोजना र अनुगमन तथा मूल्याङ्कन योजना,

(२) उपदफा (१) बमोजिम मन्त्रालय वा निकायले बहुवर्षिय आयोजनाको प्रस्ताव पेस गर्दा प्रदेश आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनामा समावेश भएको तथा सरकारी भवन निर्माण तथा सेवा खरिद कार्यको हकमा कुल लागत अनुमान पच्चिस करोड रूपैयाँभन्दा बढी र अन्यको हकमा कुल लागत अनुमान पचास करोड रूपैयाँभन्दा बढी भएको देहाय बमोजिमको आयोजना हुनुपर्नेछ।

(क) सडक, रेल, जल यातायात, रज्जुमार्ग, सुरूङ्ग मार्ग, सडक पुल तथा अन्य यातायात पूर्वाधार,

(ख) सिँचाई, ऊर्जा तथा जलस्रोत,

(ग) सूचना प्रविधि तथा सञ्चार,

(घ) भवन, आवास तथा सहरी विकास,

(ङ) कृषि, औद्योगिक तथा व्यापारजन्य पूर्वाधार,

(च) खानेपानी र सरसफाइ,

(छ) भू तथा जलाधार व्यवस्थापन र नदी नियन्त्रण

(ज) खेलकुद पूर्वाधार,

(झ) शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि पूर्वाधार,

(ञ) सांस्कृतिक, धार्मिक, पुरातात्त्विक तथा पर्यटन पूर्वाधार संरक्षण र पर्यटन पूर्वाधार निर्माण

(ट) फोहोरजन्य पदार्थ प्रशोधन तथा व्यवस्थापनको क्षेत्र

(ठ) विपद् व्यवस्थापन, प्रतिकार्य तथा पुनर्स्थापना र

(ड) यस्तै प्रकृतिका अन्य आयोजनाहरू

तर, प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (प्रोभिन्सियल प्रोजेक्ट बैङ्क मेनेजमेन्ट इन्फरमेशन सिस्टम) पूर्ण रूपमा प्रयोगमा नआएसम्म बहुवर्षिय ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न बाधा पर्ने छैन।

(३) मन्त्रालय वा निकायले स्रोत सहमति प्रस्ताव गर्दा उपदफा (२) बमोजिम आयोजनाको कुल अनुमानित लागतको न्यूनतम एक चौथाई रकम विनियोजन भएको हुनु पर्नेछ। आयोगले बहुवर्षिय आयोजनाको स्रोत सहमति सिफारिस गर्दा आयोजनाको शुरू विनियोजन रकमको चार गुणाभन्दा बढी नहुने गरी सिफारिस गर्नु पर्नेछ।





तर, मोटरेबल पुल, झोलुङ्गे पुल निर्माण सम्बन्धी कार्यमा शुरू विनियोजन र कुल लागत सीमा लागू हुने छैन। साथै विपद् या महामारी व्यवस्थापन तथा विपद् पछिको पुनर्निर्माण सम्बन्धी कार्यको नयाँ खर्च शीर्षकमा र प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सञ्चालन हुने प्रदेश गौरवको आयोजनाको हकमा बहुवर्षिय ठेक्काको सहमति वा स्वीकृति दिँदा यो सीमा लागू हुने छैन।

(४) उपदफा (१) बमोजिम स्वीकृतिका लागि आयोजना प्रस्ताव प्राप्त भएपछि आयोगले मूल्याङ्कन गरी बहुवर्षिय ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न उपयुक्त देखेमा मंसिर पन्ध्रभित्र स्रोत सहमतिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम प्राप्त आयोजनाका लागि मन्त्रालयले स्रोत उपलब्धताका आधारमा पन्ध्र दिनभित्र स्रोत सहमति सम्बन्धमा निर्णय गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालयले उपदफा (२) मा उल्लिखित सीमाभन्दा कम लागत भएका आयोजनालाई बहुवर्षिय ठेक्काको रूपमा अघि बढाउन आवश्यक ठानेमा सोको पुष्ट्याँई सहित अनुसूची -४ र अनुसूची -५ बमोजिमको फारम भरी स्रोत सहमतिको लागि मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(४) सम्बन्धित मन्त्रालयबाट दफा ४ को उपदफा (१) मा उल्लिखित आधारहरू पूरा गरी स्रोत सहमतिका लागि उपदफा (६) बमोजिम लेखी आएमा मन्त्रालयले दफा ५ को उपदफा (१) को अधीनमा रही आवश्यकता, औचित्य र सम्भावित स्रोत उपलब्धता समेतको आधारमा स्रोत सहमति उपलब्ध गराउन सक्नेछ।

४. **बहुवर्षिय ठेक्का आयोजना स्वीकृतिका आधारः** (१) सम्बन्धित मन्त्रालयबाट दफा ३ को उपदफा (६) बमोजिम देहायका आधारहरू पूरा गरी सिफारिस सहित मन्त्रालयमा पेस भएका आयोजनाको सम्बन्धमा मन्त्रालयले आवश्यकता, औचित्य र सम्भावित स्रोत उपलब्धता समेतको आधारमा बहुवर्षिय ठेक्काको स्रोत सहमति उपलब्ध गराउन सक्नेछः-

(क) सम्बन्धित मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको,

(ख) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय प्रतिवेदन सम्पन्न भएको,

(ग) आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने वा प्राप्ति गर्नुपर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,





(घ) मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको,

(ङ) खरिद गुरूयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना तयार भएको,

(च) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

(छ) प्रदेश सरकारसँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात उपयुक्त भएको र सहलगानीको प्रतिबद्धता प्राप्त भएको।

५. <u>बहुवर्षिय ठेक्काको स्रोत सहमति सम्बन्धी व्यवस्थाः</u> (१) सम्बन्धित मन्त्रालयबाट दफा ४ को उपदफा (१) बमोजिम स्रोत सहमति माग भई आएका आयोजनाको हकमा आवश्यकता, औचित्य र प्रदेश सरकारको वित्तीय अवस्था एवम् सम्भाव्य स्रोत उपलब्धता समेतका आधारमा मन्त्रालयले चालु आर्थिक वर्षको सुरू विनियोजन रकमको बढीमा चार गुणासम्म स्रोत सहमति प्रदान गर्न सक्नेछ।

तर खण्ड-खण्डमा निर्माण गर्न नसकिने वा स्रोत सुनिश्चितताको अभावमा आयोजना अधुरो रहन गई प्रदेश सरकारलाई हानी नोक्सानी हुन सक्ने प्रकृतिका देहायका आयोजनाको हकमा यस दफामा उल्लिखित सीमा लागू हुने छैनः-

(क) मोटरेवल पुल, झोलुङ्गे पुल निर्माण
(ख) भवन निर्माण
(ग) खानेपानी संरचना निर्माण
(घ) ढल व्यवस्थापन
(ङ) सुरूङ निर्माण
(च) फ्लाइ ओभर, अण्डरपास र ओभरपास
(छ) सिँचाईको हेडबक्स, व्यारेज संरचना निर्माण

(२) यस मापदण्डको अधीनमा रही प्रदान गरिएको बहुवर्षिय ठेक्का स्वीकृतिको अवधि बढीमा पाँच वर्षको रहने छ।

(३) बहुवर्षिय ठेक्काको स्रोत सहमति मंसिर मसान्तभित्र लिई सक्नु पर्नेछ।

तर आर्थिक वर्ष २०८२/८३ को हकमा यस्तो सहमति चैत्र मसान्तभित्र लिन बाधा पर्ने छैन।

(४) बहुवर्षिय ठेक्काको स्रोत सहमतिबाट कुनै आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालयलाई प्राप्त बजेट सीमाभित्रबाट अनिवार्य विनियोजन गर्नु पर्नेछ।

(५) सहलगानीको आयोजनाका सम्बन्धमा प्रदेश सरकारले व्यहोर्ने अंशको लागि मात्र ठेक्का स्वीकृति प्रदान गरिनेछ।





(६) बहुवर्षिय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको खरिद प्रक्रिया माघ महिनाभित्र सुरू गरिसक्नु पर्नेछ।

तर, आर्थिक वर्ष २०८२/८३ को हकमा वैशाख मसान्तसम्म खरिद प्रक्रिया सुरू गर्न बाधा पर्ने छैन।

(७) बहुवर्षिय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको हकमा त्यस्तो स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षको जेठ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो स्रोत सहमति स्वतः रद्द हुनेछ।

तर, आर्थिक वर्ष २०८२/८३ को हकमा यो समय सीमा लागू हुने छैन।

६. <u>कार्यान्वयन गर्ने निकाय र जिम्मेवारीः</u> (१) दफा ३ को उपदफा (४) बमोजिम आयोगबाट बहुवर्षिय ठेक्का स्वीकृतिका लागि सिफारिस भई मन्त्रालयले स्रोत सहमति प्रदान गरेका वा दफा ५ बमोजिम मन्त्रालयबाट सहमति प्राप्त आयोजनालाई मात्र सम्बन्धित मन्त्रालय वा मातहतका निकायले बहुवर्षिय ठेक्का कार्यान्वयन गर्नु पर्नेछ।

(२) बहुवर्षिय आयोजनाको सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा मातहत निकायको हुनेछ।

(३) बहुवर्षिय ठेक्का सहमति दिइएका आयोजनाको लागि पछिल्ला वर्षहरूमा सिर्जना हुने दायित्व बजेट तर्जुमाका क्रममा प्राप्त बजेट सीमाभित्र रही अनिवार्य रूपमा विनियोजन प्रस्ताव गर्नु पर्नेछ।

(४) सम्बन्धित मन्त्रालयले प्रत्येक वर्षको चैत्र मसान्तभित्र अनुसूची -६ को ढाँचामा बहुवर्षिय ठेक्काको अद्यावधिक विवरण र अनुसूची -७ को ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गरी मन्त्रालय र आयोगमा पेस गर्नु पर्नेछ।

(५) सम्बन्धित मन्त्रालयले प्रत्येक वर्ष बहुवर्षिय ठेक्का स्वीकृतिको अद्यावधिक विवरण प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(६) आयोगले बहुवर्षिय ठेक्का स्वीकृति दिइएका आयोजनाको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(७) बहुवर्षिय ठेक्काको सहमति वा स्वीकृति भएका आयोजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित मन्त्रालय, मन्त्रालय र आयोगले गर्नेछ।

७. <u>बाधा अड्काउ फुकाउनेः</u> (१) यस मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

८. <u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u> यस मापदण्डको अनुसूचीमा कुनै संशोधन वा थपघट गर्नुपर्ने भएमा आयोगको समन्वयमा मन्त्रालयले आवश्यक संशोधन वा थपघट गर्न सक्नेछ।





९. <u>खारेजी र बचाउः</u> (१) सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको मापदण्ड बमोजिम भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची -१

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित।

सुदूरपश्चिम प्रदेश सरकार

........................... मन्त्रालय

## बहुवर्षिय आयोजनाको स्रोत सहमति माग प्रस्ताव फाराम

**खण्ड (क) आयोजनाका आधारभूत विवरणः**

१. आयोजनाको नामः

नेपालीमाः

अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐

उत्पादन प्रधान ☐ निर्माण प्रधान ☐

सुशासन प्रधान ☐

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा अपनाइएका आधारः





(क) कार्यान्वयन क्षेत्रः जिल्लाः

निर्वाचन क्षेत्रः प्रदेशः न.पा./गा.पा.

(ख) छनोटका आधारहरूः

७. आयोजनाको कुल लागतः

८. आयोजना अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) शुरू हुने मितिः (ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

**खण्ड (ख) आयोजनाको वित्तीय विवरणः**

१०. आयोजनाको कुल लागत र सोको स्रोत विवरण (रू. हजारमा):

११. आयोजनाको कुल रकमको वार्षिक बाँडफाँट (रू. हजारमा):

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. मन्त्रालय वा निकायबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइनको संक्षिप्त विवरणः

१३. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको:

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्ष:

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्ष:

१४. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

(क) लागत फिर्ता अवधि (Pay-back Period):

(ख) लाभ लागत अनुपात (Cost Benefit Ratio):

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return- FIRR):

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return-EIRR

(ङ) खुद वर्तमान मूल्य (Net Present Value - NPV):

(च) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis:

(छ) सम्भाव्यता अध्ययन गर्ने निकाय:

१५. आयोजनाको वाताबरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको संक्षिप्त विवरणः

१६. आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क) लाभान्वित हुने अनुमानित कुल जनसङ्ख्याः





| महिला | बालबालिका | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) रोजगारी सिर्जना सङ्ख्या (अनुमानित श्रम दिन)

**खण्ड (ग) प्रशासनिक तथा व्यवस्थापकीय विवरणः**

१७. आयोजना कार्यान्वयनमा आवश्यक पर्ने जनशक्ति व्यवस्थाः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) आवश्यक थप जनशक्तिको विवरणः

१८. आयोजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः

(क) अनुगमन तथा मूल्याङ्कनका लागि विनियोजन भएको रकमः

(ख) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

**खण्ड (घ) आयोजनाको अवधि थप गर्नुपर्ने भएमाः**

१९. आयोजनाको अवधि थप गर्नु पर्नाका कारणहरूः

(१) ..............................................................

(२) ..............................................................

(३) ...............................................................

२०. आयोजनाको थप हुने अवधिका लागि आवश्यक पर्ने जनशक्तिः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) थप चाहिने नचाहिनेः

२१. आयोजनाको कार्यान्वयनमा देखिएका मुख्य-मुख्य समस्या, सबल तथा दुर्बल पक्षहरू उल्लेख गर्नेः

२२. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework - MTEF) अनुरूप आयोजनाको प्राथमिकताकमः

पहिलो प्राथमिकता ☐ दोस्रो प्राथमिकता ☐

(क) आयोजनाको म्याद थप सम्बन्धमा सम्बन्धित मन्त्रालयको रायः

माथि उल्लिखित विवरणहरू ठिक भएको व्यहोरा प्रमाणित गरिन्छ।

| तयार गर्नेः | पेश गर्नेः | स्वीकृत गर्ने (लेखा उत्तरदायी अधिकृत) |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |





## अनुसूची -२

((दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

### स्रोत सहमति माग गर्दा आवश्यक पर्ने चेकलिष्ट

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | प्रदेश सरकार, मन्त्रिपरिषद्‌ले प्रदेश गौरवको आयोजनाको रूपमा स्वीकृत गरेको आयोजना | | | |
| २. | विद्यमान मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको सम्बन्धित बजेट उपशीर्षक अन्तर्गत प्रस्तावित आयोजनाको बजेट सहितको विवरण | | | |
| ३. | प्रदेश आयोजना बैङ्कमा समावेश भएका सरकारी भवन निर्माण तथा सेवा खरिद कार्यको हकमा कुल लागत अनुमान पच्चिस करोड रूपैयाँभन्दा बढी र अन्यको हकमा कुल लागत अनुमान पचास करोड रूपैयाँभन्दा बढीको आयोजना। | | | |

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| ४ | प्रदेश प्राथमिकता प्राप्त आयोजनाका रूपमा रहेको साथै प्राथमिकता निर्धारण सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम गणना गर्ने तालिका भएको। | | | |
| ४. | बहुवर्षिय खरिदमा जाने आयोजनाको खरिदको समय एक आर्थिक वर्षभन्दा बढी भएको। | | | |
| ५ | सम्बन्धित मन्त्रालयका निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन स्वीकृत भई प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (PPBMIS) मा सम्पूर्ण विवरणहरू प्रविष्ट गरी स्वीकृत भएको | | | |





| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| ६ | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन/ प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्य सम्पन्न भएको | | | |
| ७. | आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको | | | |
| ८. | आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको | | | |
| ९. | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको | | | |
| १०. | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको। | | | |
| ११. | खरिद गुरूयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, वार्षिक खरिद योजना तयार भएको। | | | |

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १२. | संघ, प्रदेश र स्थानीय तह र निजी क्षेत्रको साझेदारी तथा सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत सुनिश्चित भएको | | | |

| | | |
|---|---|---|
| तयार गर्नेः | पेश गर्नेः | स्वीकृत गर्ने (लेखा उत्तरदायी अधिकृत) दस्तखतः |
| दस्तखतः | दस्तखतः | |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |





## अनुसूची -३

(दफा ३ को खण्ड (ग) सँग सम्बन्धित)

**लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गर्नुपर्ने विवरण**

कार्यकन/आयोजनाको नामः

ब.उ.शी.नं.:

**१. ब.उ.शी.नं. मा उल्लेखित कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण एवम् प्राथमिकीकरण तथा संकेतीकरण**

| प्रथम पञ्चवर्षीय योजनाको विषयक्षेत्र | उद्देश्य | आयोजना अवधि (सुरु समाप्ति) | लागत (रु. लाखमा) | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आगामी आ.व. मा सञ्चालन हुने प्रमुख क्रियाकलाप | समन्वयात्मक अतिरिक्त लाभ | विरोधाभाष | रणनीतिक स्तम्भ | प्राथमिकताक्रम | दिगो विकास | लैंगिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

२. त्रीवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण

| उप-आयोजना/उप-कार्यक्रम/ खण्ड/उपखण्ड | ........ को विनियोजन (रू. लाखमा) | | | | ....... को खर्च प्रक्षेपण (रू. लाखमा) | | | | ....... को खर्च प्रक्षेपण (रू. लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| ....... | | | | | | | | | | | | |
| कुल जम्मा * | | | | | | | | | | | | |
| मध्यमकालीन खर्च संरचनामा ब.उ.शी.नं. मा उल्लेखित रकम | | | | | | | | | | | | |

* उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्डको कुल जम्मा रकम प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकमभन्दा बढी हुने छैन।

| | | |
|---|---|---|
| तयार गर्नेः | पेश गर्नेः | स्वीकृत गर्ने (लेखा उत्तरदायी अधिकृत) |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |



अनुसूची -४

(दफा ३ को उपदफा (६) सँग सम्बन्धित)

सुदूरपश्चिम प्रदेश सरकार

............................................................ मन्त्रालय

**आयोजनाको बहुबर्षीय ठेक्काको स्रोत सहमति माग प्रस्ताव फाराम**

**खण्ड (क) आयोजनाका आधारभूत विवरणः**

१. आयोजनाको नाम

नेपालीमाः

अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान □ अनुसन्धान प्रधान □ उत्पादन प्रधान □

निर्माण प्रधान □ सुशासन □

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयन क्षेत्रः

जिल्लाः

निर्वाचन क्षेत्रः

न.पा./गा.पा.:

(ख) छनोट आधारः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) सुरु हुने मितिः

(ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

**खण्ड (ख) आयोजनाको वित्तीय आर्थिक विवरणः**

१०. आयोजनाको कुल लागत र स्रोतको विवरण (रू हजारमा):

११. आयोजनाको कुल रकमको वार्षिक बाँडफाँट (रू. हजारमा):

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. सम्बन्धित मन्त्रालयबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइनको संक्षिप्त विवरणः

१३. आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा सक्षित वातावरणीय प्रतिवेदनको संक्षित विवरणः

१४. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) अनुरूप आयोजनाको प्राथमिकताक्रमः

पहिलो प्राथमिकता □ दोस्रो प्राथमिकता □

१५. आयोजनाको खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजनाको विवरणः





१६. नेपाल सरकारसँग सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको विवरणः

१७. वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको विवरणः

| | | |
|---|---|---|
| तयार गर्नेः | पेस गर्नेः | स्वीकृत गर्नेः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

अनुसूची -५

(दफा ३ को उपदफा (६) सँग सम्बन्धित)

**आयोजनाको लागि बहुवर्षिय ठेक्काको स्रोत सहमति माग गर्दा आवश्यक आधार पूरा गरेको चेकलिष्ट**

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | सम्बन्धित मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको। | | | |
| २ | आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको। | | | |
| ३ | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन या प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको। | | | |
| ४ | आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने सार्वजनिक साथै निजी जग्गा प्राप्तिको कानुनी प्रक्रिया टुङ्गिएको। | | | |





| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| ५ | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको। | | | |
| ६ | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको। | | | |
| ७ | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना तयार भएको। | | | |
| ८ | प्रदेश सरकारसँग सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको। | | | |

| तयार गर्नेः | पेस गर्नेः | स्वीकृत गर्नेः |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

## अनुसूची -६

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### बहुवर्षिय ठेक्कामा सञ्चालित आयोजनाको विवरण

| क्र.सं. | आयोजनाको नाम | | | ठेक्का सम्झौता भएको मिति | ठेक्का सम्झौता सम्पन्न हुने मिति | कुल लागत रकम | बहुवर्षिय ठेक्काका लागि आयोगबाट स्वीकृति दिएको मिति | आर्थिक मामिला मन्त्रालयले स्रोत सुनिश्चितताका लागि सहमति दिएको मिति | आर्थिक वर्ष अनुसार खर्च र सिर्जित दायित्व (प्रत्येक आ.व.को) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब.उ.शी.नं. | खण्ड (Section/Component) | उपखण्ड (Sub-project) | | | | | | आ.व. | विनियोजित बजेट | खर्च रकम | बाँकी दायित्व | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |





## अनुसूची -७

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण

| क्र. सं. | आयोजनाको नाम | चालु आ.व. सम्मको वास्तविक उपलब्धि | आगामी आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आगामी आ.व. (पहिलो वर्ष) | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**आज्ञाले,**
**राजेन्द्र कुमार हमाल**
**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १५।-